आज मिति २०८२ साल पुस ३० गते बुधबारको दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को १४ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री सुशिल मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री महेश कुमार ठाकुर - सचिव -

<u>आमन्त्रित</u> :

श्री बिन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. मेला राजस्व र फर्मको नामसारीको दस्तुर निर्धारण सम्बन्धमा ।
३. जनश्रमदान सम्बन्धमा ।
४. बाढी पिडितलाई राहत सामग्री वितरण तथा मेस सञ्चालन सम्बन्धी भुक्तानी सम्बन्धमा ।
५. प्रशासकीय भवन मर्मत सम्बन्धमा ।
६. तह वृद्धि समिति गठन सम्बन्धमा ।
७. ठेक्का रद्द सम्बन्धमा ।
८. मवेशी पशुपन्छी खरिद विक्री सम्बन्धमा ।
९. आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक खर्च भएको विवरण सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०९/१७ गते भएको १३ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८२/०९/२८ र २९ गते बसेको देवानगञ्ज गा.पा.को उपाध्यक्ष श्री कुमारी बिभा यादव ज्यूको अध्यक्षतामा बसेको राजश्व परामर्श समितिको बैठकमा तपसिल बमोजिमको राजश्व दररेट कायम गर्ने निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| सि.न. | राजश्व शिर्षक | | दररेट वा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | इजाजत पत्र नामसारी दस्तुर | | ६,०००/- | |
| २ | मेला महोत्सव प्रदर्शनी सर्कस साँस्कृतिक कार्यक्रम मनोरञ्जनात्मक कार्यक्रम, मनोरञ्जनात्मक खेलकुद प्रतियोगिता (प्रतिदिन) | ठूलो प्रकृतिका (८ दिन वा सो भन्दा बढी सञ्चालन हुने) (प्रतिदिन रु) | १०,०००/- | कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा ५ सँग सम्बन्धित अनुसूची (४) बमोजिम |
| | | सानो प्रकृतिका (७ दिन वा सो भन्दा कम सञ्चालन हुने) (प्रतिदिन रु) | ५,०००/- | |
| ३ | जादु चटके लगायत निश्चित अवधिसम्म सञ्चालन हुने साना प्रकृतिका मनोरञ्जनमा (प्रतिदिन रु.) | साना प्रकृतिक (प्रतिदिन रु.) | ५००/- | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व.०८१/८२ मा वडा नं.२ स्थित अबुबकर सिदिक मदरसा व्यवस्थापन कार्य प्राविधिक मूल्याङकन सहित कार्य संम्पन्न भई जनश्रमदान वापतको रकम रु ४३,१३७/- भुक्तानी हुन बाँकी रहेको हँदा आ.व.०८२/८३ को स्वीकृत बजेट देवानगञ्ज गाउँपालिकाको पुँजीगतको आ.व.०८१/८२ मा सम्पन्न भएको भुक्तानी हुन बाँकी शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८२ साल असोज १८ र १९ गते परेको अबिरल वर्षाको कारण देवानगञ्ज गाउँपालिकाको विभिन्न स्थानमा आएको बाढीबाट प्रभावित बाढी पिडितलाई राहत सामग्री वितरण तथा मेस सञ्चालनमा भएको खर्चको रकम वडाको सिफारिस समावेश गरी आवश्यक कागजात सहित गाउँपालिकाको कार्यालयमा फाइल पेश भएको हुँदा तपसिल बमोजिमका वडाहरुले पेश गरिएको कागजातको आधारमा रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः**

| क.सं. | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | २ | ४९,०००/- | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रशासकीय भवनको लेखा स्टोरको रयाकमा फलामे पाइप थप भएको र छतमा Expoxy Resin भ्याल ढोकामा Silicon र लेखा स्टोरमा Electrification काम गर्ने र प्राविधिक मूल्याङ्कन अनुसार.कार्यसंचालनकोष अन्तर्गतको मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं.६ माथि छलफल गर्दा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को (४) बमोजिम तह वृद्धिको सिफारिस गर्न तपशिल बमोजिम तह वृद्धि सिफारिस समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

१) श्री महेश कुमार ठाकुर, प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

२) श्री डण्डिकेशर खनाल, शिक्षा अधिकृत आठौं - सदस्य

३) श्री अन्जु चौधरी, इन्जिनियर छैटौं - सदस्य

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा Two Room Building Construction Work at Islamiya School (Contract Identification No. DRM / BUILDING / C / NCB / 01 / 082/083) ठेक्का को मुल्याङ्कन प्रकृया पुरा भई सम्झौता हुन बाँकी रहेको हुँदा Islamiya School को जग्गा स्वामित्वमा विवाद रहेकोले ठेक्का नं. DRM/BUILDING/C/NCB/01/082/083 रद्द गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकामा मवेशी पशुपन्छी खरिद विक्री गर्दा २ प्रतिशत राजस्व असुलि गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक खर्च भएको विवरण तपसिल बमोजिम रहेको सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | बजेट खर्च | विनियोजित बजेट | खर्च भएको रकम रु. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | ३४,४१,०३,९८०/- | ५,७२,९४,९६२.५६/- | १६.६५ | |
| २ | पुँजिगत | २२,९६,५३,०००/- | १,४६,१९,२१०/- | ६.३६ | |